नगर सभाका अध्यक्षज्यू तथा यस सिद्धिचरण नगरपालिकाका उपप्रमुखज्यू,
नगर सभाका सदस्यज्यूहरु,

सिद्धिचरण नगरपलिकाको प्रमुखको हैसियतले यस सम्मानित सभा समक्ष आगामि आर्थिक वर्ष ०७५।०७६ को वजेट, नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा अत्यन्त गौरवान्वित भएको छु । यस अवसरमा राजनीतिक परिवर्तको लागि जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्वाञ्जली व्यक्त गर्दछु । त्यसै गरी राष्ट्रिय-स्वाधीनता, लोकतन्त्र, सामाजिक न्याय, समानता र सम्बृद्धिको लागि संघर्ष गर्नु हुने महान नेपाली नागरिक प्रति हार्दिक सम्मान प्रकट गर्दछु ।

लामो संघर्ष पछि नेपाली जनताको चहाना अनुरुप संघीयता सहितको समावेशी जनप्रतिनिधि मूलक राज्य प्रणाली स्थापना भएको छ । तीनै तहको निर्वाचनबाट संघीय लोकतान्त्रिक शासन प्रणाली संस्थागत भएको छ । यो मौलिक स्वरुपको राजनैतिक उपलब्धी सँगै जनताको भरपर्दो साथ र विश्वास पाएको वर्तमान सरकारलाई राज्यको सम्पूर्ण स्रोत र सामर्थ्यको सदुपयोग गरी विकास र सम्बृद्धिको यात्रामा अविचलितरुपमा अघि बढ्न ठूलो प्रेरणा मिलेको छ ।

नेपाल सरकारको मिति २०७१।०१।२५ को निर्णयबाट साविक ६ वटा गाविस अँधेरी नारायणस्थान, रुम्जाटार, बर्णालु, ओखलढुङ्गा, ज्यामिरे, सल्लेरी मिलाएर सिद्धिचरण नगरपालिका घोषणा भएको र स्थानीय तहको पूनर्संचना भएपछि नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७३।११।०९ मा भएको निर्णय बमोजिम जिल्लाका साविक ५ वटा गाउँ विकास समितिहरु थप गरी अँधेरी नारायणस्थान, रुम्जाटार, बर्णालु, ओखलढुंगा, ज्यामिरे, सल्लेरी र तलुवा, ठूलाछाप, जन्तरखानी, बिगुटार, बेतिनी सहित साविक बरुणेश्वर गाउँ विकास समितिको वडा नं. ९ धनेपु समेत गाभिएर साविकको सिद्धिचरण नगरपालिकाको कार्यालय केन्द्र रहने गरी यो सिद्धिचरण नगरपालिका गठन भएको हो । यस नगरपालिकाका वडा संख्या बाह्र रहेका छन् भने जनसंख्या २०६८ को जनगणना अनुसार २८,३७४ रहेको छ । यस नगरपालिकाको क्षेत्रफल १६७.८८ वर्ग कि.मी. रहेको छ । गर्मी हावा पानी देखि ठण्डा हावा पानी सम्मको क्षेत्र यस नगरपालिकामा रहेका छन् । यस नगरपालिकाको रुम्जाटार देशकै आकर्षणको केन्द्र हो । यस क्षेत्रको विकासले पर्यटन, प्रवर्धन मार्फत नगरपालिकाको समग्र विकासमा सहयोग पुऱ्याउने कुरामा दुईमत रहदैन । यस नगरपालिको पूर्वमा चिशंखुगढी गाँउपालिका रहेको छ भने पश्चिममा मोलुङ्ग र सुनकोशी गाउँपालिका रहेका छन् । त्यसैगरी उत्तरमा सोलु जिल्लाको दुधकुण्ड नगरपालिका पर्दछ भने दक्षिणमा मानेभन्ज्याङ्ग गाउँपालिका तथा दक्षिण पूर्वमा खोटाङ जिल्लाको हलेसी तुवाचुङ नगरपालिका पर्दछ । यसरी यो नगरपालिका क्षेत्रफलका हिसाबले ठूलो हुनका साथै विषम हावा पानी एवं विविधताले भरिएको नगरपालिका हो ।

जन निर्वाचित स्थानीय सरकार, यातायातको संजाल सँग जोडिदै जानु, जलश्रोतको संभावना हुनु, विकास साझेदारहरूको चासो रहनु, स्थानीय स्तरमा जनशक्ति उत्पादनको अवसर हुनु, ऐतिहासिक स्थल, प्राकृतिक श्रोत तथा जडिवुटिको उपलव्धता हुनु, विविध हावा पानी र विविधता यस नगरपालिकाका सवल पक्ष हुन् । न्यून आन्तरिक आय, सीमित श्रोत साधन, दक्ष जनशक्तिको अभाव, विकासमा जनचासो कम हुन यस नगरपालिकाका दुर्वल पक्ष रही आएका छन् । वडा कार्यालयवाट प्राप्त अधिकार वमोजिमका कार्य संचालन हुँदै जानु, सबै वडा सदरमुकाम यातायातको संजालमा जोडिदै जानु, प्रयाप्त जल सम्पदा, ऐतिहासिक तथा पर्यटकीय स्थल, एयरपोर्ट, सगरमाथा दृश्यावलोकन स्थल यस नगरपालिकाका अवसर हुन । दुर्गम तथा पहाडी जिल्ला भएको कारण विकासमा कठिनाई, युवाशक्ति विदेश पलायन हुनु, न्यून श्रोत

साधनका कारण नगरवासीहरुको आकांक्षा अनुसार विकासका कार्यक्रमहरु अगाडि वढाउन नसक्नु, विषयगत कार्यालय सँग पूर्णरुपमा समन्वय हुन नसक्नु मुख्य चुनौतीहरु रहेका छन् । यी चुनौतीहरुका वावजुद पनि नगरपालिकाका बाह्र वटै वडा कृयाशिल हुनु, नगरपालिकामा कार्य संचालनका लागि शाखाहरू संचालन हुनु र विषयगत शाखा स्थापना हुनु, विषयगत समिति गठन भई कार्यसम्पादनमा लाग्नु जस्ता कार्यबाट यस नगरपालिकाले सम्पादन गर्ने सेवा सुचारु गर्न त्यति कठिनाई दखिदैन ।

त्यसै गरी यस नगरपालिकाबाट यस एक वर्षको अवधिमा नगर प्रोफाईल र गुरुयोजनाको निर्माण, नगर प्रवेशद्वारको निर्माण, नियमित योग संचालन, विविध अभिमूखिकरण कार्यक्रम, कार्यालय व्यवस्थापन, भ्यू टावर निर्माणको थालनी, हेल्प डेक्सको व्यवस्थापन, विभिन्न तीस वटा कानूनको निर्माण, योजना फरफारकमा सरलीकरण, एकीकृत सम्पत्ति करको व्यवस्थापन कार्य, वातावरण मैत्री कार्यालय निर्माण, पुस्ताकालय व्यवस्थापन हाम्रा मुख्य मुख्य उपलब्धी हुन भन्ने मैले विश्वास लिएको छु ।

नेपालको संविधान २०७२, स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय व्यवस्थापिका, कार्यपालिका, न्यायिक समिति, नगरसभा, नगरपालिकाले वनाईएका कानूनहरु, संघ र प्रदेश सभाले वनाएका कानूनहरु यो नगरपालिका संचालनका मुख्य आधारहरु हुन । संविधानको धारा २२६ मा स्थानीय तहले कानून बनाउन सक्ने प्रावधान रहेको छ । त्यसैगरी संविधानको धारा २१४ मा अनुसूचि ८ र ९ बमोजिम एकल र साझा अधिकारको व्यवस्था छ । त्यसैगरी न्यायिक समितिको व्यवस्था धारा २१७ मा रहेको छ भने स्थानीय आर्थिक कार्यप्रणाली अन्तर्गत धारा २२८ मा कर लगाउन वा ऋण लिन पाउने अधिकार उल्लेख छ । यसै अनुसार धारा २२९ मा स्थानीय सञ्चित कोषको व्यवस्था गरिएको छ । यस कोषमा नगरपालिकालाई प्राप्त हुने सवै प्रकारको राजस्व, नेपाल सरकार र प्रदेश सरकारवाट प्राप्त हुने अनुदान, नगरपालिकाले लिएको ऋण रकम र अन्य श्रोतवाट प्राप्त रकम जम्मा हुने व्यवस्था छ । संविधान अनुसार तीन वटै सरकार (संघ, प्रदेश र स्थानीय) स्वतन्त्र छन् र समन्वय, सहअस्तित्व र सहकार्य अनुसार चल्छन् । संघ र प्रदेशले वनाएको कानूनमा नवाझिने गरी आफ्नो कानून वनाउन स्थानीय सरकार स्वतन्त्र छ ।

नगर सभाका सदस्यज्यूहरु,

आगामि आर्थिक वर्षको वजेट, नीति तथा कार्यक्रम तर्जुमा गर्दा मैले नेपालको संविधान, चालु आवद्यिक योजना, हामीले जनप्रतिनिधिको हैसियतले बेलाबेलामा व्यक्त गरेका प्रतिवद्धता, टोलस्तर देखि वडास्तर हुँदै वजेट तथा कार्यक्रम तर्जुमा समिति सम्मका वजेट तर्जुमाका चरणमा भएका छलफल, नगर कार्यपालिका बैठकमा भएका छलफलबाट प्राप्त सुझाव, विभिन्न संघ संस्थाबाट प्राप्त सुझाव, निजी क्षेत्रबाट प्राप्त सुझाव तथा प्रचलित ऐन, कानूनमा रहेको व्यवस्था, संघ र प्रदेश सरकारको नीति र कार्यक्रम, स्थानीय सरकार संचालन ऐन २०७४ मा भएका काम कर्तव्य र अधिकारलाई मुख्य आधारको रुपमा लिएको छु ।

स्थानीय तहको निर्वाचनद्वारा निर्वाचित सिद्धिचरण नगरपालिकाका हामी पदाधिकारीहरु संविधानवाद, कानूनको शासन, मानवअधिकार, मौलिकहकको संरक्षण र प्रबर्द्धन, सामाजिक न्याय तथा सुशासनयुक्त स्थानीय शासनको अभ्यास एवम् स्थानीय तहको सुदृढीकरण मार्फत सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास गर्न र संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्वन्धलाई समन्वय, सहकार्य र सहअस्तित्वको आधारमा मजबुत बनाउँदै निर्वाचनका समयमा सार्वभौम नागरिक समक्ष हामीबाट ब्यक्त गरिएका प्रतिवद्धता अनुरुप स्वच्छ र सदाचारयुक्त सुशासनको प्रत्याभूति सहित स्वचालित कार्यप्रणालीको स्थापना र अभ्यासको

माध्यमद्वारा स्थानीय तहबाट प्रवाह गरिने सेवामा गुणस्तरीयता, निष्पक्षता, पारदर्शिता, प्रभावकारिता, मितव्ययिता, जवाफदेहिता एवं जिम्मेवार शासन प्रणालीको प्रबर्द्धन गर्न प्रतिवद्ध रही योजनावद्ध विकासद्वारा मात्र दिगो शान्ति र समृद्धि हासिल गर्न सकिन्छ भन्ने मान्यतामा दृढ छौँ ।

यसै सन्दर्भमा आ.व. ०७५।०७६ को वजेट, नीति तथा कार्यक्रमको उद्देश्य एवं प्राथमिकता निम्न अनुसार भएको व्यहोरा यो सभा समक्ष प्रस्तुत गर्न चहान्छु ।

यस वजेट, नीति तथा कार्यक्रमका उद्देश्यहरु निम्न अनुसार छन् :

१. नगरबासीको गरिबी न्यूनिकरण गर्दै जिवनस्तर सुधार गर्न न्यूनतम आधारभूत आवश्यकताहरुको परिपूर्ति गर्ने,
२. संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने विभिन्न अनुदानहरुको उच्चतम परिचालन गर्दै नगरभित्र रहेका स्रोत साधन, राजश्वको पहिचान र परिचालन गरी नगरको आर्थिक सम्बृद्धि हासिल गर्ने,
३. सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई प्रोत्साहित गर्दै भौतिक तथा सामजिक पूर्वाधार तयार पारी सम्मुनत सुदृढ र दिगो अर्थतन्त्रको निर्माण गर्ने ।

यसै गरी यस वजेट, नीति तथा कार्यक्रमका प्राथमिकताहरु निम्न अनुसार रहेका छन् :

१. नगरभित्रको शिक्षा, स्वास्थ्य, आवास र रोजगारी जस्ता आधारभूत मानवीय आवश्यकताहरुको परिपूर्ति गर्ने क्षेत्रहरुको विकास र प्रवर्धन,
२. उच्च र दिगो आर्थिक बृद्धिदर हासिल गर्न कृषि, पर्यटन, जलस्रोत, उद्योगका क्षेत्रमा पूँजी परिचालन,
३. भौतिक र सामाजिक पूर्वाधारको विकास गरी सम्बृद्ध नगरपालिका बनाउने अभियान लाई गति दिन सडक, सिंचाई, जलविद्युत जस्ता क्षेत्रहरुको निर्माण, विकास र विस्तार,
४. नगर सरकारको आधार सुशासन, नैतिकता र सदाचार भन्ने अभिप्रायका साथ आम नगरबासीलाई गुणस्तरीय, परिणाममूखि र छिटो छरितो सेवा प्रदान,
५. प्राकृतिक प्रकोपको न्यूनिकरण र पर्यावरणीय संरक्षण ।

विकास बहुआयमिक विषय भएकोले यसको लक्ष्य प्राप्ति गर्न कुनै एक क्षेत्रबाट मात्र सम्भव छैन । विकासको प्रमुख दायित्व यस सिद्धिचरण नगरक्षेत्रमा नगरपालिकाको हो भन्ने कुरामा दुईमत छैन तर बहुआयमिक विकासको लागि केवल नगरपालिकाको मात्र मुख ताकेर बस्नु पनि बुद्धिमानी पूर्ण कार्य होईन र यो तर्कसंगत पनि छैन । किनकी नगरपालिका बाहेक पनि विकासका संवाहक छन् । सबै संवाहक नगरपालिका सँग हातेमालो गरी यो नगरको विकासको लागि जुरमुराउदै उठ्नु पर्ने समय आईसकेको व्यहोरा म यस सभामा राख्न चहान्छु । यस सन्दर्भमा नगरको विकासको लागि नगरपालिकाले सबै संवाहकहरुलाई परिचालन गर्न सक्नु पर्दछ भन्ने पनि मेरो बुझाई रहेको छ ।

नगर सभाका सदस्यज्यूहरु,

वडा स्तरको विकासको लागि मूलत वडा अध्यक्ष लगायत वडाका सम्पूर्ण सदस्यज्यूहरुको मुख्य दायित्व रहन्छ । वडामा रहेका शिक्षण संस्था, गैरसरकारी संस्था, विभिन्न संघ सस्था, समिति र टोल विकास संस्था समेतलाई विकासको मूलधारमा लैजानु आजको अर्थपूर्ण याथार्थ हुनु पर्दछ भन्ने मलाई लाग्दछ । यस सन्दर्भमा

विकास र सम्बृद्धि भन्दा हाम्रो अन्य विकल्प अरु नभएको कुरा हामी यस नगरपालिकाका जनप्रतिनिधि एवं कर्मचारी साथीहरुले गैहिरिएर बुझ्नु आजको आवश्यकता हो भन्ने कुरामा पनि मेरो स्पष्ट बुझाई रहेको छ ।

नगर सभाका सदस्यज्यूहरु,

यसै प्रसंगमा मन्त्रालयद्वारा प्राप्त स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ बमोजिम तयार गरिएको यस नगरपालिकाको चालु आर्थिक बर्ष ०७५/०७६ को बार्षिक बजेट तथा कार्यक्रम सहितको बजेट वक्तव्य एकीकृत नगरस्तरीय योजना तर्जुमा समितिका संयोजक एवम् यस नगरपालिकाका उपप्रमुखद्वारा यसै सभा समक्ष पेश हुने हुँदा अब म यस नगरपालिकाको आ.व. ०७५।०७६ को नीति प्रस्तुत गर्ने अनुमति चहान्छु ।

## पर्यटन :

प्राकृतिक, साँस्कृतिक, साहासिक, ऐतिहासिक तथा धार्मिक दृष्टिकोणबाट सिद्धिचरण नगरपालिका एक प्रमुख पर्यटकीय गन्तव्यको संभावना बोकेको नगरपालिका हो । पर्यटकीय स्थल र पर्यटकीय पूर्वाधार विकास गरी पर्यटन उद्योगलाई एउटा मुख्य अर्थतन्त्रको मेरुदण्ड बनाउन सकिन्छ । पर्यटकीय प्रवर्धनबाट रोजगारीको बृद्धि गरी गरिबी न्यूनिकरण गर्न सक्ने सम्भावना बीच पर्यटन नीति निम्न अनुसार तय भएका छन् ।

१. यस नगरपालिकालाई पर्यटन सुरक्षित गन्तव्यको रुपमा विकास गर्दै पर्यटन आगमनमा उल्लेखनीय बृद्धि गरी जनताको आयस्तर बृद्धि गर्नु यस क्षेत्रको मुख्य नीति रहेको छ ।
२. नगरपालिकामा बसोबास गर्ने सबै जात जाति/समुदायहरुको आ-आफ्नो मौलिक संस्कृति परम्पराहरुको जगेर्ना गरी साँकृतिक पहिचानको संरक्षण गरिने छ ।
३. जिल्लाकै एक मात्र रुम्जाटार विमानस्थल सुचारू गरिने छ ।
४. सबै समुदायको धार्मिक र साँस्कृतिक मूल्य र मान्यताको सम्मान गर्ने वातावरण सृजना गरिने छ ।
५. नगरक्षेत्रमा रहेका ऐतिहासिक स्थल ओखलढुङ्गा, श्रष्टापार्क, थामडाँडा, लगलगे, झाक्रीढुंगा, सल्लेरीको चम्पादेवी, जन्तरखानीको भिमेश्वरी मन्दिर, सपनावती देवी मन्दिर, बिगुटारको टक्सार, बर्णालुको देउरालीडाँडा र रुम्जाटारको गुम्बा जस्ता स्थलहरुलाई आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनको आकर्षक केन्द्र बनाईने छ ।
६. रुम्जाटारको राडीपाखी र भेडापालन ब्यवसायलाई प्रोत्साहन गर्दै रुम्जाटार लगायत सम्भावित क्षेत्रहरुको पहिचान गरी आन्तरिक तथा बाह्य पर्यटकहरुका लागि **होम स्टेको** प्रवन्ध गर्न प्रोत्साहन गरिने छ ।
७. रुम्जाटार बिमानस्थलबाट देउराली टोड्के र ओखलढुङ्गाबाट टोड्के सोलु सल्लेरी हुँदै सर्वोच्च शिखर सगरमाथा जाने पर्यटकीय पदमार्गको संभाव्यता अध्ययन कार्य अगाडि बढाईने छ ।
८. स्तरीय होटेल तथा रिसोर्टहरु लगायतका पर्यटकीय सेवाको लागि आवश्यक पूर्वाधार निर्माणमा सहजीकरण गरिने छ ।

## सार्वजनिक खर्च :

सार्वजनिक खर्चलाई पारदर्शी, जवाफदेही, विश्वासनीय र पूर्व अनुमान योग्य बनाउदै लैजानु आवश्यक छ । निरन्तर बृद्धि हुँदै गएको चालु खर्चलाई व्यवस्थित गर्दै पूँजीगत खर्चमा बृद्धि गर्ने प्रकृयालाई अगाडि बढाउनु आवश्यक छ । विकास आयोजनाहरुको प्राथमिकीकरण गर्नुको साथै यसबाट गरिबी निबारण, लैंगिक

समानता र दिगो विकासका लक्ष्यहरु समेत पुरा गर्नु पर्ने हुन्छ । निरन्तर बृद्धि भएको चालु खर्चलाई व्यवस्थित गर्दै पूँजीगत खर्चमा बृद्धि गर्ने प्रकृयालाई अगाडि बढाउन आवश्यक नीति तय भएका छन् ।

१. भौतिक पूर्वाधार, कृषि, शिक्षा, स्वास्थ्य तथा सामाजिक सुरक्षा लगायतका आवश्यकीय क्षेत्रमा लगानी केन्द्रीत गरिने छ ।
२. नगरका गौरवका विकास आयोजनाहरुको छनौट गरी प्रभावकारी कार्यान्वयन गरिने छ ।
३. आर्थिक एवम् प्राविधिक बिश्लेषण पश्चात कार्यान्वयनका लागि सम्भाव्य परियोजनाहरुको सूची (Project Bank) तयार गरिने छ ।
४. प्राथमिकताका आधारमा उच्च प्रतिफल युक्त एवम् आर्थिक सामाजिक दृष्टिकोणले महत्वपूर्ण रहेका पूर्वाधारमा लगानी केन्द्रीत गरिने छ ।
५. विनियोजित वजेट समयमा नै कार्यान्वयन हुने व्यवस्था मिलाइने छ ।
६. सार्वजनिक खर्च पारदर्शी बनाउन पारदर्शिताका विभिन्न विधिहरु प्रयोगमा ल्याईने छन् ।

## राजश्व परिचालन :

विकासका लागि विकास खर्च र साधारण खर्चको समेत आवश्यकता पुरा गर्न, वित्तिय प्रणालीलाई सवलीकरण गर्न, सार्वजनिक खर्चको बढ्दो आवश्यकतालाई पूरा गर्न र ऋण सहायता माथिको निर्भरता कम गर्न आन्तरिक स्रोत परिचालन आवश्यक छ । आन्तरिक स्रोत परिचालनलाई दिगो बनाउने तर्फ राजश्व नीति केन्द्रीत हुनेछ ।

१. करको जोखिम व्यवस्थापन गर्न कर प्रशासनको सवलीकरण गरिने छ ।
२. कर प्रणालीलाई सरलीकरण र पारदर्शिता कायम गर्न सूचना प्रविधिसँग आबद्ध गरिने छ ।
३. नगरपालिकाको आन्तरिक स्रोत वृद्धि गरी आर्थिकरुपमा सवल बनाउनको लागि राजश्व परामर्श समितिबाट प्राप्त सिफारिसको आधारमा समय सापेक्षरुपमा शुल्क, सेवा शुल्क, कर तथा दस्तुरहरुको दरमा पुनरावलोकन गरी समय सापेक्ष वृद्धि गरिएको छ । घरवहाल कर र व्यवसाय कर संकलनका लागि ओखलढुङ्गा उद्योग वाणिज्य संघसँग समन्वय गरिने छ ।
४. कानूनी व्यवस्था अनुसार नगरपालिकाको कर व्यवस्था लाई बैज्ञानिक कर प्रणालीमा रुपान्तरण गर्न २०७५ श्रावण १ गतेबाट एकीकृत सम्पत्ति कर लगाईने छ ।
५. नगरपालिकालाई प्राप्त हुने आन्तरिक स्रोतको पहिचान गर्न संभाव्यता अध्ययन गराईने छ ।
६. करको प्रभावकारिता बृद्धि गर्न कर शिक्षा कार्यक्रम वडा स्तरमा संचालन गरिने छ ।
७. नगरको राजश्वमा बढी योगदान पुऱ्याउने वडा कार्यालयलाई राजश्वको अनुपातमा विकास वजेट उपलब्ध गराउने नीति लिईने छ ।
८. राजश्व सुधार कार्ययोजना तयार गरी कार्यान्वय गरिने छ ।

## सहकारी :

आर्थिक, सामाजिक विकासमा सहकारी क्षेत्रको योगदान रहने कुरामा दुईमत छैन । सहकारी क्षेत्रलाई लघुवित्त कारोवारसँगै उत्पादन, बजारीकरण र सेवा प्रवाहमा संलग्न गराउन आवश्यक देखिएको छ । सहकारी क्षेत्रले नगरको विकासमा योगदान पुऱ्याउने कुरामा नगरपालिका विश्वस्त छ ।

सहकारी सम्बन्धी ऐन, नियममा समय सापेक्ष परिमार्जन गर्ने, उत्पादनशील क्षेत्रमा योगदान बढाउने, वित्तिय सुशासन कायम गर्ने, विपन्न वर्गलाई समेट्ने जस्ता सहकारी सम्बन्धी नीतिहरु तय भएका छन् ।

१. कृषि, उद्योग र सेवाको क्षेत्रमा सहकारी संघ-संस्थाको माध्यमबाट रोजगारी सृजना तथा उत्पादन बृद्धि गरिने छ ।
२. सहकारी संघ संस्थाका पदाधिकारी र कर्मचारीहरुलाई सहकारी व्यवस्थापन तथा उद्यमशीलता र नेतृत्व विकास सम्बन्धी तालिम दिईने छ ।

## कृषि :

अधिकांश कृषकहरु साना मझौला स्तरका छन् । कृषकहरुलाई जलवायु परिवर्तन र विभिन्न प्राकृतिक प्रकोप सँग जुध्न सक्ने क्षमता विकास गर्नु जरुरी छ । वर्षेनी युवा जनशक्तिको विदेश पलायनले गर्दा कृषि क्षेत्रमा परेको नकारात्मक असरलाई सम्बोधन गर्नुका साथै अव्यवस्थित सहरीकरण, जग्गाको खण्डीकरण, घडेरीकरण र जग्गा बाझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्नु पर्ने खाँचो छ । स्थानीय बालीनालीको विकास र स्थानीय खानेकुराको उपयोग बढाउनु पर्ने देखिन्छ । यस सन्दर्भमा निम्न नीतिहरु तय भएका छन् ।

१. दिगो कृषि विकासका लागि आवश्यक नीति, ऐन र नियमहरु तर्जुमा एवम् संसोधन गरी प्रभावकारीरुपमा कार्यान्वयन गरिने छ ।
२. ग्रामीण क्षेत्रमा कृषि वस्तु उत्पादन अभिबृद्धि गर्न कृषि जन्य बस्तुहरुको व्यवसायिक उत्पादनका लागि दिगो सिंचाई सुविधा लगायतका आवश्यक पूर्वाधारको पहुँच बढाईने छ ।
३. खेतियोग्य जग्गालाई बाझो राख्ने प्रवृतिलाई निरुत्साहित गर्दै बाझो रहेका कृषि जमिनको दिगो उपयोगका लागि उपयुक्त योजना तयार गरी कार्यान्वयन गरिने छ ।
४. खाद्य तथा अन्य कृषि उत्पादनमा आत्मर्निभरता बढाउन उत्पादनका पकेट ब्लक, जोन तथा उपरजोनको विकास गरी व्यवसायिक खेति प्रणालीलाई प्राथमिकता दिईने छ ।
५. सहकारी खेतिलाई प्राथमिकता दिई मूल्य श्रृखंला पद्धति अनुसार उत्पादन देखि बजारीकरण सम्मका कार्यहरु एकीकृतरुपमा संचालन गरिने छ ।
६. आलु उत्पादक कृषक तथा कृषक समूहलाई विशेष उपयोगी कार्यक्रमहरु संचलान गरिने छ ।
७. कृषि तथा पशुपंक्षी सम्बन्धी आधारभूत तथ्याङ्क संकलन तथा प्रकाशन गरिने छ ।
८. विषादी न्यूनिकरण अभियान कार्यक्रम अन्तर्गत जोखिम विश्लेषण गरी प्रतिवेदन सार्वजनिक गर्ने र सचेतना कार्यक्रम संचालन गरिने छ ।
९. कृषि व्यवस्थापन सूचना प्रणाली स्थापना गरी कृषि क्षेत्रमा हुने विभिन्न विपद् तथा जोखिम सम्बन्धमा पूर्व जानकारीको व्यवस्था गरिने छ ।
१०. पशुपंक्षीजन्य उत्पादनमा नगरबासीलाई आत्मनिर्भर बनाई कुपोषण घटाउने तर्फ ध्यान केन्द्रीत गराईने छ ।
११. पशुपंक्षी पालनलाई परिमाणमुखि व्यावसायिक र प्रतिस्पर्धी बनाईने छ ।
१२. अण्डा, मासु र दुधमा आत्म निर्भर बनाउने तर्फका कार्यक्रम संचालन गरिने छ ।
१३. गुणस्तर पशुआहाराको उपलब्धता बढाउन चरन विकास, डालेघाँस, भुईघाँस उत्पादन र प्रयोगका साथै दाना, औषधि, घाँस समिश्रण मिनरल, ब्लक आदि उत्पादन र प्रयोगमा जोड दिइने छ ।
१४. प्रत्येक वडामा एक जना कृषि र पशुसेवा प्राविधिकको व्यवस्था मिलाइने छ ।

१५. मासुको गुणस्तर र स्वास्थ्यलाई कायम राख्न "बधशाला देखि भान्सासम्म स्वस्थ्य र स्वच्छ मासु" कार्यक्रम संचालन गरिने छ ।
१६. पशुपंक्षी फर्महरुको पूर्वाधार विकास एवम् सुधार तथा नयाँ फर्म स्थापना र संचालन गरिने छ ।
१७. कृषि र पशुपालन क्षेत्रका उत्कृष्ट कृषकहरुलाई प्रोत्साहन गर्न वार्षिकरुपमा नगरक्षेत्रको एक कृषकलाई सूचकको आधारमा सम्मान एवं पुरुस्कार प्रदान गरिने छ ।
१८. कृषि बालीमा क्षति पुऱ्याउने जंगली जनवार नियन्त्रणको लागि आवश्यक व्यवस्था मिलाईने छ ।
१९. कृषि खेतिलाई आधूनिकीकरण र उत्पादन लागत कम गर्न आधूनिक कृषि औंजार तथा यान्त्रिकरणलाई प्रचार प्रचार गरिने छ ।
२०. साना सिंचाईका उपयुक्त प्रविधिहरुको प्रयोग गरी वर्षैभरी सिंचाई सुविधा उपलब्ध गराउने प्रकृया अगाडि बढाईने छ ।
२१. रुम्जाटारमा मकै बीउ उत्पादन पकेटलाई सुदृढिकरण गर्दै लगिनेछ र अन्य संभावित स्थानहरुमा पनि विभिन्न बालीको विजवृद्धि कार्यक्रम संचालन गर्न संभाव्यता अध्ययन गरी विजवृद्धि कार्यक्रमको थालनी गरिने छ ।
२२. भौगोलिक वातावरण अनुसार प्रत्येक वडामा संभावित बालीहरुको छनौट गरी व्यवसायिक पकेट खेति गर्न प्रोत्साहित गरिने छ ।
२३. व्यवसायिक उत्पादन क्षेत्रमा कृषि सडक, विद्युत, संचार, संकलन केन्द्र र हाटबजार जस्ता आवश्यक पूर्वधारहरुको क्रमिक रुपमा विकास गरिने छ ।
२४. कागती, भटमास र मौरीपालनलाई व्यवसायिक र नगदे बालीको रुपमा खेति गर्न प्राथामिकतामा राखि निर्यातमूखि बाली लगाउन कृषकहरुलाई प्रोत्साहन गरिने छ ।
२५. कृषि जैविक विविधताको संरक्षण तथा सम्वर्द्धन तथा उपयोग गरिने छ ।
२६. कृषक समूह दर्ता प्रकृयालाई व्यवस्थित र सरल बनाइने छ ।
२७. लोपोन्मुख पशुपंक्षीहरुको पहिचान, संरक्षण, संवर्द्धन र विकास गर्दै लगिने छ ।
२८. प्रत्येक वडामा सम्भावव्यता र रुचिको आधारमा पशुपंक्षीको पकेट क्षेत्रको विस्तार गरिने छ ।
२९. पशुजन्य पर्दाथको उत्पादन तथा उत्पादकत्वमा वृद्धि ल्याई यसको सन्तुलित सेवनबाट कुपोषणको समस्या हटाउँदै लगिने छ ।
३०. युवा जनशक्तिलाई प्रविधि, सीप र पूँजी उपलब्ध गराई पशुपालन क्षेत्रमा आकर्षित गर्दै सम्मानित पेशा बनाइने छ ।
३१. निर्वाहमूखि पशुपालनलाई व्यवसायिक पशुपालनमा रुपान्तरण गरिने छ ।
३२. सिद्धिचरण नगरपालिकाको १२ वटै वडामा दुध संकलन केन्द्रको स्थापना गर्नको लागि अध्ययन गरिने छ ।
३३. कृषकहरुले उत्पादन गरेको पशु र पशु जन्य पदार्थ विक्रीवितरण गर्नको लागि पशु संकलन केन्द्र, दुध संकलन केन्द्र र हाटबजार जस्ता आवश्यक पूर्वाधारहरुको क्रमिक रुपमा विकास गरिने छ ।
३४. स्थानीय पशुपंक्षीको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न उन्नत नश्लका पशुपंक्षीको वितरण गरिने छ ।
३५. कृषि र पशु बिमा सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन गरिदै लगिने छ ।

**सिंचाई :**

सीमित क्षेत्र र बढ्दो जनसंख्याको कारण कृषि उत्पादनत्व बढाउन सिंचाईको राम्रो व्यवस्था हुनु अपरिहार्य भएकोले सिंचाई पूर्वाधारको विकासको साथै सम्पन्न सिंचाई प्रणालीको व्यवस्थापन सुदृढ एवम्

प्रभावकारी बनाउन जरुरी छ । कृषि योग्य भूमिमा उपयुक्त प्रविधिको छनौट गरी वर्षै भरी भरपर्दो सिंचाई सुविधा उपलब्ध गराउने खालको सिंचाई प्रणाली अपनाउनु पनि उत्तिकै आवश्यक छ । यसको लागि निम्न नीतिहरु तय भएका छन् ।

१. बाह्रै महिना सिंचाई सेवा उपलब्ध गराउनका लागि सतह सिंचाईका बहुउद्देश्य आयोजनाहरुलाई प्राथमिकता दिईने छ ।
२. निर्माण सम्पन्न भईसकेका सिंचाई प्रणालीहरुको मर्मत सुधार एवम् दिगो व्यवस्थापनका लागि उपभोक्ताहरुको सहभागिता सुनिश्चित गरिने छ ।
३. आकाशे पानी संकलन, भण्डारण तथा प्रभावकारी उपयोगका विधि विस्तार गर्दै सिमान्त कृषि भूमि एवम् पानीको न्यून स्रोत भएका क्षेत्रमा थोपा सिंचाई प्रविधि उपयोग गरिने छ ।
४. सुख्खा खडेरीको प्रकोप बढी हुने स्थानमा आकाशे पानी संकलन लगायत खुल्ला र प्लाष्टीक पोखरी व्यवस्थापन गरिने छ ।

## खानेपानी तथा सरसफाई :

खानेपानी तथा सरसफाई सेवा आधारभूत मानव अधिकारकोरुपमा स्थापित छ । खानेपानीको पहुँचलाई नेपालको संविधानले मौलिक हककोरुपमा राखेको छ । खानेपानी विस्तार, गुणस्तर बृद्धि, खानेपानी प्रणालीको निर्माण तथा सुदृढीकरण एवं सतह स्रोतबाट पानीको आपूर्ति नपुग हुने ठाउँमा वर्षातको पानी संकलन गर्ने पद्धति विकास गर्नु पर्ने देखिन्छ । खानेपानीको स्रोत संरक्षण र वातावरणीय सफाई उत्तिकै महत्वपूर्ण छन् । तर पनि खानेपानी तथा सरसफाईका क्षेत्रमा सरोकारवाला बीच प्रभावकारी समन्वय हुन नसक्नु हाम्रो यथार्थ चुनौती रहेको छ । यस सन्दर्भमा निम्न नीतिहरु तय भएका छन् ।

१. Zero Lanfieldsite को अवधारणा अनुरुप फोहोरमैला व्यवस्थापन कार्य अगाडि बढाईने छ ।
२. प्रदुषकले तिर्नु पर्दछ भन्ने सिद्धान्त लागु गर्न आवश्यक संयन्त्रको विकास एवम् कार्यान्वयन गरिने छ ।
३. राजमार्ग आसपास र सार्वजनिक स्थलहरुमा शौचालय निर्माण गर्ने कार्य अगाडि बढाईने छ ।
४. प्राङ्गरिक मल उत्पादनका माध्यमबाट नगरपालिकामा उब्जिएका फोहोरलाई मोरमा रुपमान्तर गरी व्यवस्थित गरिने छ । **"आफ्नो ठाउँ आफै सफा गरौं"** अभियानका लागि सम्बन्धित पक्षसँग सहकार्य गरिने छ ।
५. प्रत्येक स्वास्थ्य संस्थाबाट संकलन भएका फोहोरमैलाको उचित व्यवस्थापन गर्न प्रत्येक स्वास्थ्य संस्थामा Incinerator र खाल्डोको व्यवस्थाबाट फोहोर व्यवस्थापन गरिने छ ।
६. ओखलढुङ्गा बजार क्षेत्र नजिकै तथा रूम्जाटार क्षेत्रमा Landfild site को लागि जग्गा खरिद गर्ने प्रकृया अगाडि बढाईने छ ।
७. सुख्खा बस्तीमा बर्षातको पानी संकलन र प्रयोगको लागि कार्यक्रम ल्याईने छ ।
८. ओखलढुंगा बजार क्षेत्रमा उपभोक्ताहरुको सहलगानीमा खानेपानी आयोजना संचालन गरी सम्पन्न गरिने छ ।
९. नगरक्षेत्रका बजारमा प्लाष्टीक झोलाको प्रयोगमा नियन्त्रण एवम् नियमन गरिने छ ।

**वन तथा वातावरण :**

दिगो विकासमा वन क्षेत्रको महत्वपूर्ण योगदान रही आएको छ । स्थानीय समुदायको आधारभूत आवश्यकता जस्तै काठ, दाउरा, घाँसपात, गैर काठ, वन पैदावरको आपूर्तिका साथै कृषि, पशुपालन, पर्यटन र सिंचाईमा समेत वन क्षेत्रको उल्लेखिय भूमिका रहेको छ । वनले वातारणीय संतुलन ल्याउनुका साथै भू-संरक्षणमा अतिनै महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यस सन्दर्भमा निम्न नीतिहरु तय भएका छन् ।

१. सबै खाले वनहरुमा आन्तरिक पर्यटन प्रवर्धन गर्ने उद्देश्यका साथ जैविक विविधता, सीमसार, पानीको मुहान, कुँवा, इनार संरक्षणमा प्राथमिकता दिईने छ ।
२. एक वडा अनेक उधान कार्यक्रम लागु गर्दै लगिने छ ।
३. खाली र नाङ्गा डाँडापाखामा जनस्तरबाटै वृक्षरोपण अभियान वडा कार्यालयको संयोजनमा संचालन गरिने छ ।
४. सडकको दायाँवायाँ वडा अध्यक्षको अगुवाईमा सम्बन्धित उपभोक्ताहरु परिचालन गरी स्थानीय जातका रुख, बिरुवा रोपण गर्ने गराउने अभियानको थालनी गरिने छ ।
५. नगरपालिका र साझेदार निकायहरुसँगको समन्वय र सहकार्यमा जलवायु परिवर्तन अनुकूलन सम्बन्धी बिभिन्न क्रियाकलापहरु सञ्चालन गरिने छ ।
६. नगरपालिका भित्र वातावरण संरक्षण र संतुलनको लागि न्यूनतम एक घर दुई फलफूलको विरुवा कार्यक्रमलाई अनिवार्य गरिने छ । सबै भन्दा बढी फलफूलको विरुवा रोप्ने र हुर्काउने घर परिवारलाई वार्षिक रुपमा विशेष सम्मान र पुरस्कारको व्यवस्था गरिने छ ।
७. समुदायमा आधारित वन व्यवस्थापनको विकास र विस्तार गरिने छ ।
८. व्यवसायिकरण हुन सक्ने जडीबुटी एवं गैरकाष्ठ वन पैदावार खेतीको प्रविधि विकास गरी विस्तार गरिने छ ।
९. वन व्यवस्थापन योजना तथा कार्यक्रमलाई जलवायु परिवर्तन अनुकुलन मैत्री बनाउदै लगिने छ ।
१०. जल तथा भूमिको संरक्षणवाट भूमिको उत्पादकत्व वृद्धि गर्न जलाधार क्षेत्रको एकीकृत संरक्षण र व्यवस्थापन गरिने छ ।
११. भू-संरक्षण/जलाधार व्यवस्थापन कार्यहरु सहभागितामूलक कार्य पद्धतिको आधारमा संचालन गरिने छन् ।
१२. कृषि वनमैत्री खेतबारी संरक्षण कार्यक्रम गरी सम्बन्धित वडा समितिको अगुवाईमा संचालन गरिने छन् ।
१३. एक गाउँ एक पोखरी निर्माण एवं प्राकृतिक पोखरीहरुको संरक्षण, सम्बर्धनलाई अभियानकोरुपमा संचालन गरिने छ ।
१४. जलधार क्षेत्रको संरक्षण, सम्बर्धन र उपयोग गरिने छ ।
१५. जनस्तरमा वातावरणीय चेतना र सावधानी जगाउने कार्यक्रम संचालन गरिने छ ।

**शिक्षा :**

नेपालको संविधानले शिक्षा सम्बन्धी हकलाई मौलिक हककारुपमा प्रत्याभूत गरेको छ । यसै गरी राज्यका निर्देशक सिद्धान्तमा शिक्षालाई नागरिकको आधारभूत आवश्यकताकोरुपमा राखेको छ । नागरिकलाई शिक्षाको अवसर उपलब्ध गराउनु राज्यको दायित्व रही आएको छ । स्थानीय सरकार संचालन ऐनमा आधारभूत शिक्षा क्षेत्रको विकासमा नगरपालिकाको अहम् भूमिका रहने गरी शिक्षा सम्बन्धी काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ । यस सन्दर्भमा नगरपालिकाले निम्न नीति लिनेछ ।

१. विद्यालय तहको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन र जवाफदेहीता सुनिश्चत गर्न विद्यालयहरुको कार्यसम्पादन परीक्षण गरिने र कार्यसम्पादनमा आधारित लगानीको प्रावधान लागु गरिने छ ।
२. विद्यालयको व्यवस्थापन सुधार तथा शैक्षिक उपलब्धी अभिबृद्धिका लागि प्रधानाध्यापक सँग कार्यसम्पादन करारको नीति लागु गरिने छ ।
३. शिक्षकहरुको कार्यसम्पादनलाई विधार्थीहरुले हासिल गरेको नतिजासँग आवद्ध गरी पुरस्कार तथा दण्डको व्यवस्था मिलाईने छ ।
४. भूकम्पको असरबाट ध्वस्त भएका, अति जीर्ण अवस्थामा रहेका र विद्यार्थी संख्याको अनुपातमा भवन अभाव भएका बिद्यालयहरुको छनौट गरी त्यस्ता स्थानहरुमा भूकम्प प्रतिरोधि आधुनिक भवन निर्माण गर्न प्राथमिकता दिईने छ ।
५. सबै नगरबासीलाई साक्षर बनाउन साक्षरता कार्यक्रमलाई वडास्तरबाट नै संचालन गरिने छ ।
६. समग्र शैक्षिक उपलब्धिका सूचकहरुको आधारमा नगर भित्रको एक विद्यालयलाई वार्षिकरुपमा उत्कृष्ट विद्यालय घोषणा गरी उचित पुरस्कार प्रदान गरिने छ ।
७. प्रारम्भिक बालशिक्षामा पहुँच विस्तार गरिने छ ।
८. पहुँचका साथै गुणस्तरीय माध्यमिक शिक्षा सुनिश्चित गरिने छ ।
९. मूल्यमा आधारित प्रविधि सीपउन्मुख पेशागत तथा व्यवसायिक शिक्षालाई जोड दिइने छ ।
१०. औपचारिक शिक्षाको पुरककोरुपमा बैकल्पिक शिक्षाका अवसरहरु विस्तार गरिने छ ।
११. विद्यार्थीहरुलाई नागरिक कर्तव्य वहन गर्नका लागि तयार गरिने छ ।
१२. शिक्षाको मूल्याङ्कन सुनिश्चित गर्नका लागि निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन साथै परीक्षा प्रणाली सुधार कार्यक्रमको कार्यान्वयन तथा सुदृढिकरण गरिने छ ।
१३. मागको आधारमा स्रोतको व्यवस्थापन गर्नुका साथै नगरपालिका क्षेत्रभित्रका विद्यालयमा दरवन्दी मिलान, विद्यालय समायोजन, तह तथा कक्षा थप्ने, कक्षा घटाउने, विषयगत, कक्षागत र न्यूनतम विद्यार्थी शिक्षक अनुपात कायम गर्ने सम्बन्धी आवश्यक कार्यक्रमहरु तयार गरी कार्यान्वन गरिने छ ।
१४. सम्पूर्ण बालबालिकालाई **“विद्यालय ल्याउ, टिकाउ र सिकाउ”** अभियान वडा तहबाट नै संचालन गरिने छ ।
१५. नगरका सबै विद्यालय अपाङ्ग र बालमैत्री तथा वातावरण मैत्री बनाउन सम्बन्धित विद्यालयका प्रधानाध्यापक मार्फत अभियान चलाइने छ ।
१६. नगरका प्रत्येक वडामा विद्यालय बाहिर रहेका बालबालिकाहरुको तथ्याङ्क एकिन गरी विद्यालय बाहिर रहेको बालबालिकालाई विद्यालय शिक्षामा पहुँचको सुनिश्चित गरिने छ ।
१७. प्रत्येक वडामा विद्यालय शिक्षा भन्दा बाहिर (५-१२) वर्ष उमेर सम्मका बालबालिका नरहेको घोषणा गरिने छ ।

## स्वास्थ्य तथा पोषण :

संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने एवं स्वास्थ्य सेवामा समान पुहँच प्राप्त हुने विषयलाई मौलिक हककोरुपमा प्रत्याभूत गरेको छ । स्वास्थ्यमा सबै नगरबासीको पहुँच पुऱ्याउनु आजको चुनौती रहेको छ । गुणस्तरीय स्वास्थ्यको पहुँचमा नगरपालिकाको मुख्य दायित्व रहेको सन्दर्भमा निम्न नीतिहरु तय भएका छन् ।

१. स्वास्थ्य तथा पोषण बारे व्यापक जनचेतना जागृति हुने कार्यक्रमहरु संचालन गरिने छ ।

२. सर्ने वा नसर्ने रोगहरुको वारेमा प्रवर्द्धनात्मक, निरोधात्मक र उपचारात्मक कार्यक्रम संचालन गरिने छ ।
३. नागरिक स्वास्थ्यमा प्रतिकूल असर पार्ने खाद्य पदार्थको विज्ञापन र वजार प्रवर्धनमा बन्देज लगाईने छ ।
४. प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व एवम्, बालबालिका तथा शिशु, किशोर किशोरी स्वास्थ्यको वारेमा जनचेतना अभिबृद्धि गरिने छ ।
५. नगरका सम्पूर्ण क्षेत्रमा स्वच्छ खानेपानी सेवा उपलब्ध गराउदै लगिने छ ।
६. नगरवासीमा आधारभूत स्तरको सरसफाई तथा शौचालयको सुविधा विस्तार गरिने छ ।
७. वडाका सबै स्वास्थ्य संस्थाहरुमा बर्थिङ्ग सेन्टर सञ्चालनमा आवश्यक पर्ने सबै पूर्वाधारहरु तयार गर्ने प्रयास गरिने छ ।
८. वडा तथा समुदायस्तरमा रहेका महिला स्वास्थ्य स्वयम्सेविकाहरुका लागि क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिने छ ।
९. सुर्तिजन्य एवं मदिराजन्य उत्पादन र विक्री वितरणलाई नियमन गरिने छ ।
१०. स्वस्थ्य शरीर, सकारात्मक सोच र व्यक्तित्व विकास गर्नका लागि ध्यान र योग जस्ता कार्यक्रममा जोड दिईने छ । नगरपालिका हाताभित्र योग भवन निर्माण गरिने छ ।
११. आयुर्वेद स्वास्थ्य केन्द्रलाई दक्ष चिकित्सक र पञ्चकर्म, क्षार-सुत्र सेवा सहितको सुविधा सम्पन्न आयुर्वेद उचार केन्द्रको रुपमा बिस्तार गरिने छ ।
१२. प्रत्येक वडामा योग तथा जडिबुटीको तालिम दिई योग र जडिबुटीको शिक्षा प्रत्येक घर घरमा पुर्याइने छ ।
१३. आयुर्वेद स्वास्थ्य संस्थाहरुका लागि चाहिने औषधिहरु सम्भब भएसम्स स्थानीय स्तरमै भेटिने जडिबुटीहरुको अधिकतम प्रयोग गरी आयुर्वेद संस्थामै औषधि निर्माणशाला स्थापना गरी उत्पादन तथा व्यबस्थापन गरिदै लगिने छ ।
१४. प्रत्येक वडामा रहेका स्वास्थ्य चौकीहरुको स्तरबृद्धि गर्नुका साथै साधनस्रोत सम्पन्न बनाउदै गुणस्तरीय र सर्वसुलभ सेवा उपलब्ध गराइने छ ।
१५. यस नगरपालिका लाई पूर्णखोप नगरपालिकाको रुपमा निरन्तरता कायम गरिने छ ।
१६. क्षयरोग लगायत अन्य सरुवा रोग नियन्त्रण कार्यक्रम संचालन गरिने छ ।
१७. हाल सञ्चालित एकद्धार संकट व्यवस्थापन केन्द्रलाई निरन्तरता दिइने छ ।
१८. महिला स्वास्थ्य स्वंसेविकाहरुबाट सम्पादित कार्यहरुको मूल्याङ्कनको आधारमा प्रोत्साहनको व्यवस्था गरिने छ ।
१९. लक्ष्य अनुसारको उच्च प्रगति हासिल गर्ने एक स्वास्थ्य संस्थालाई वार्षिकरुपमा पुरस्कृत गरिने छ ।

**महिला तथा बालबालिका :**

महिलाहरुको आर्थिक, सामाजिक विकास र सशक्तिकरणका लागि संविधानमा महिलाको हक प्रत्याभूत गरिएको छ । आर्थिक, सामाजिक जीवनमा महिलालाई पुरुष कै हाराहारीमा ल्याउनु, लैंगिक हिंसा तथा घरेलु हिंसा घटाउनु, ग्रामीण महिलाको आर्थिक स्थितिमा सुधार ल्याउनु मुख्य नीति हुन पर्दछ । बालबालिका लागि संविधान र कानूनमा व्यवस्था भएका हकको कार्यान्वयन र बालबालिकाको सर्वाङ्गिण विकास तर्फ नीति केन्द्रीत हुने छ ।

१. बालबालिका र किशोर किशोरीको समग्र अधिकारको संरक्षण र प्रवर्धन गरिने छ ।
२. बालबालिका र किशोर किशोरीको शारीरिक, मानसिक र बौद्धिक विकासमा जोड दिईने छ ।

३. बालबालिका र किशोर किशोरीमा हुने सबै प्रकारका हिंसा अन्त्यका लागि निरोधात्मक, उपचारत्मक र प्रवर्धनात्मक उपाय अबलम्वन गरिने छ ।
४. सबै प्रकारका बालश्रम न्यूनिकरण तथा निषेध गर्दै लगिने छ ।
५. समाजमा विद्यमान कुरुतीकोरुपमा रहेको अन्धविश्वास र सामाजिक सद्भावमा विचलन ल्याउने सबै प्रकार व्यवहारहरुलाई निरुत्साहित गरिने छ । समाजमा रहेको छुवाछुत र भेदभावलाई पूर्णरुपमा निर्मूल गरिने छ ।
६. महिला विरुद्धका सबै किसिमका हिंसा विभेद्लाई प्रभावकारी ढंगबाट अन्त्य गर्नका लागि कार्यक्रम संचालन गरिने छ ।
७. समुह नै साथीको बृत्त र व्यक्तिको पहिचान हो भन्ने सन्देशका साथ वडा स्तरमा महिला समूह तथा समिति गठन तथा छरिएर रहेका कोषलाई एकीकृत गरी व्यवस्थित गर्न महिला सहकारी दर्ता गरिने छ ।
८. विपन्न एकल महिलाहरुलाई पेशागत व्यवसायिकता तर्फ उन्मुख गराउन आवश्यक व्यवसायिक सीप विकासका कार्यक्रमहरु संचालन गरिने छन् ।
९. परम्परागत सामाजिक कुरिति विरुद्ध अभियान संचालन गरिने छ । बालविवाह, मानव बेचविखन, घरेलु हिंसा, शारीरिक, मानसिक तथा यौन हिंसा विरुद्धका कार्यक्रम सरोकारवालाहरु सँगको सहकार्यमा संचालन गरिने छन् ।
१०. सामुदायिक मनोविमर्श सेवा केन्द्रको अति आवश्यक भएकोले सामुदायिक मनोसामाजिक कार्यकर्ता नगरका सबै वडाहरुमा व्यवस्था गरिने कार्यक्रम ल्याइने छ ।

## सामाजिक सुरक्षा :

सामाजिक सुरक्षा गरिबी न्यूनिकरण र मानव सुरक्षाको महत्वपूर्ण साधन हो । नेपालको संविधानले सामाजिक सुरक्षाको हकलाई मौलिक हककोरुपमा स्थापित गरेको छ । समावेशी विकास गर्न र दिगो विकास लक्ष्यका प्रमुख नतिजाहरुको प्राप्तिमा बल पुऱ्याउन सामाजिक सुरक्षाले महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षाका साथ निम्न नीतिहरु तय भएका छन् ।

१. सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत लक्षित समूहका ब्यक्तिहरुको मूल अभिलेख अद्यावधिक गरी उक्त कार्यक्रमद्वारा लक्षित ब्यक्तिहरुको विवरण MIS प्रणालीमा प्रविष्ट गरिने छ । साथै सामाजिक सुरक्षा भत्ता भुक्तानी दिदा बैंक मार्फत भुक्तानी दिने व्यवस्था मिलाईने छ ।
२. नगरक्षेत्रभित्र ज्येष्ठ नागरिक हेरचाह केन्द्र, अनाथालय साथै सुरक्षित महिला आवासगृह निर्माणका लागि सम्भाव्यता अध्ययन गरी कार्यान्वयनमा ल्याउन पहल गरिने छ ।
३. हिंसा तथा दूर्व्यवहारमा परेका नगारिकलाई संरक्षण, उपचार र मनोविमर्स तथा कानूनी सहायता उपलब्ध गराईने छ ।
४. जेष्ठ नागरिकहरुलाई सम्मान अभिबृद्धि गर्न समुदाय स्तरसम्म सचेतना कार्यक्रम संचालन गरिने छ ।
५. अपाङ्गता भएका व्यक्तिहरुको लागि उद्यमसीलता तथा स्वरोजगारका अवसर प्राप्त हुने वातावरण सृजना गरिने छ ।
६. सार्वजनिक भौतिक संरचना तथा संचार सेवालाई अपाङ्गमैत्री बनाईने छ ।
७. व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत लाभग्राहीहरुको अभिलेख व्यवस्थापनको कार्य अनलाईनको माध्यमबाट गरिने छ ।

८. विशेष जोखिममा रहेका ज्येष्ठ नागरिकलाई लक्षित गरी कार्यक्रम संचालन गरिने र ज्येष्ठ नागरिकलाई सम्मान गर्ने कार्यक्रम ल्याईने छ ।
९. दुई वा दुई भन्दा बढी छोरी मात्र हुने दम्पत्तिलाई प्रोत्साहन तथा सम्मान कार्यक्रम ल्याईने छ ।

## युवा तथा खेलकुद :

राजनीतिक, आर्थिक, सामाजिक र साँकृतिक रुपान्तरणमा युवा वर्गको भूमिका महत्वपूर्ण रहेको हुन्छ । साहस, सृजनशीलता, सिक्ने क्षमता एवम् उच्च आत्म विश्वासका कारण यो वर्गलाई राष्ट्र निर्माणको प्रमुख स्रोत मानिएको छ । त्यसै गरी स्वास्थ्य तथा अनुशासित नागरिक र समाजको सृजना गर्न खेलकुद लाई प्रमुख आधारको रुपमा लिईन्छ । यसै सन्दर्भमा "सबैका लागि खेलकुद" भन्ने अभियानका साथ खेलकुद सँग सम्बन्धित पूर्वाधार निर्माण, प्रशिक्षण, प्रतियोगिता र प्रोत्साहनका कार्यक्रमहरु कार्यान्वयन गर्ने तर्फ खेलकुद नीति केन्द्रीत हुनेछ ।

१. युवामा नैतिक चारित्रिक गुण एवं अनुशासनको विकास गरी राज्य र समाज प्रति दायित्व बोध गराउने तथा श्रम प्रति सम्मान गर्ने संस्कार विकास गर्ने कार्यक्रमहरु संचालन गरिने छ ।
२. नगरस्तरीय खेलकूद समिति गठन गरी समितिसँगको समन्वयमा खेलकूदका क्रियाकलापहरु सञ्चालन गरिने व्यवस्था मिलाइने छ ।
३. स्वस्थ्य नागरिक स्वस्थ्य नगरपालिका नीति अवलम्वन गरिने छ । नगरका सबै नगरबासीहरुको स्वस्थकर जीवन यापन गर्ने प्रणालीमा सुधार गरिने छ । स्वस्थ्य लाई खेलकुद सँग जोडिने छ ।
४. प्रत्येक वडामा सम्भाव्यताको अध्ययन गरी खेलमैदान, युवा क्लब तथा विचरण पार्क क्रमिकरुपमा निर्माण गरिने छ । नगरपालिका क्षेत्रमा रंगशाखा निर्माणको सम्भाव्यता अध्ययन गरिने छ ।

## स्थानीय पूर्वाधार :

व्यवस्थित योजना तर्जुमा गरी आवश्यक स्थानीय यातायात, खानेपानी तथा सिंचाई, नदी नियन्त्रण लघु जलविद्युत तथा बैकल्पिक उर्जा, विपद् व्यवस्थापन, फोहोरमैला व्यवस्थापन जस्ता स्थानीय पूर्वाधारहरुको निर्माण गर्नुका साथै नगरपालिका केन्द्रबाट वडा केन्द्रमा सडक संजाल जोडिनु आवश्यक छ । यसका लागि स्थानीय पूर्वाधार निर्माणमा ठूलो मात्रमा लगानी गरी योजनाबद्ध ढंगले कार्य गर्नु आवश्यक छ । नगरबासीको प्रत्यक्ष सहभागिताबाट विकास कार्यक्रमको छनौट एवम् संचालन गरी त्यसबाट प्राप्त उपलब्धिबाट आर्थिक सामाजिक रुपान्तरण गर्ने अवस्था सृजना गर्न साधन स्रोत र प्रयत्नको संयोजित प्रबन्ध गर्नु पनि उत्तिकै आवश्यक देखिन्छ । यस सन्दर्भमा निम्न नीतिहरु तय गरिएका छन् ।

१. योजना निर्माणमा प्रयोग हुने सामाग्री त्यसमा संलग्न हुने जनशक्तिको गुणस्तर सुनिश्चित गरी पूर्वाधार निर्माणको समग्र गुणस्तर पक्षमा सुधार गरिने छ ।
२. स्थायी सडक संजाल सबै वडामा ५ वर्ष भित्र स्थायीरुपमा पुऱ्याईने गरी कार्यक्रम अगाडि बढाईने छ ।
३. नगरपालिकामा निर्माण भईसकेका सडकहरुको विवरण अद्यावधिक गरी तुलनात्मकरुपमा बढी चल्तीका सडकहरुको मर्मत संभार तथा स्तरीकरण कार्य सडक बोर्ड नेपालबाट प्राप्त हुने अनुदान र नगरपालिका अन्तर्गतको मर्मत संभार विशेष कोषबाट गरिने छ ।
४. नगरक्षेत्रभित्र निर्माण भई सञ्चालनमा आएका पुलहरुको संरक्षण र नियमित मर्मत सम्भारको व्यवस्था मिलाईने छ ।

५. नगरपालिकाबाट सडक निर्माण कार्यको लागि उपलव्ध गराईएको अनुदान रकम मध्येबाट भुक्तानी दिदा भुक्तानी रकमको दुई प्रतिशतका दरले हुन आउने रकम कट्टा गरी सो रकम सडक मर्मत सम्भार कोष शीर्षकको छुट्टै खाता खोली जम्मा गरिने छ र सो रकम स्थानीय सडक मर्मत सम्भार कार्यको लागि मात्र खर्च गर्ने व्यवस्था गरिने छ ।
६. नगरपालिकामा सञ्चालन हुने सानातिना योजना भन्दा जनतालाई प्रत्यक्ष अनुभूति दिन सक्ने गुणस्तरिय ठूला र दिगो पूर्वाधारको विकासमा विशेष जोड दिने नीति तय गरिने छ ।
७. नगरपालिका क्षेत्रभित्र आवश्यकता अनुसार झोलुङ्गे पुल निर्माण गर्ने कार्यलाई निरन्तरता दिईने छ ।
८. बजार क्षेत्रमा विद्युत पोल व्यवस्थापन गरिने छ ।
९. रमाईलो डाँडामा बसपार्क निर्माण गर्न नेपाली सेनाबाट जग्गा हस्तान्तरण गर्ने प्रकृया अगाडि बढिरहेको र नेपाली सेनाबाट जग्गा हस्तान्तरण प्रकृया पुरा भएपछि उक्त स्थानमा बसपार्क निर्माण गर्ने प्रकृया अगाडि बढाईने छ ।
१०. नगरपालिकाले योजना तयार गर्दा साना योजनालाई भन्दा ठूला योजनालाई प्राथमिकता दिने नीति लिईने छ ।

## सूचना तथा सञ्चार :

नेपालको संविधानमा प्रदत्त मौलिक हकको रुपमा रहेको सूचनाको संरक्षण र सम्वर्धन गर्दै आम संचारलाई स्वच्छ, सक्षम, निश्पक्ष, मर्यादित, जिम्मेवार र व्यवसायिक बनाउन आवश्यक पर्ने राज्यको नीति हुने संबैधानिक व्यवस्था रहेको छ । यस सन्दर्भमा सिद्धिचरण नगरपालिको तर्फबाट यस क्षेत्रमा निम्न नीति तय भएका छन् ।

१. ल्याण्ड लाइन टेलिफोनको सुविधा पुग्न बाँकी वडा केन्द्रसम्म ल्याण्ड लाइन टेलिफोन लाइन बिस्तार गर्न पहल गरिने छ ।
२. सूचना अधिकारी मार्फत नगर कार्यपालिकाको कार्यालयसँग सम्वन्धित सूचना सरोकारवालाई उपलव्ध गराउने व्यवस्था गरिने छ ।
३. सूचना, शिक्षा तथा संचारको माध्यमबाट नागरिकहरुको सशक्तिकरण तथा स्थानीय सुशासन प्रवर्धन र अत्यावश्यक क्षेत्रमा सामाजिक परिचालन गरिने छ ।
४. नगरपालिकाका कामकारबाही सम्बन्धी सूचनामा नागरिकको पहुँच बढाउने, पत्रकार भेटघाट कार्यक्रम मार्फत नगरका गतिविधि समय समयमा सार्वजनिक गरिने छ ।
५. पत्रकारहरुको क्षमता अभिबृद्धिका लागि आवश्यक कार्यक्रम ल्याईने छ ।
६. स्थानीय संचार माध्यमहरुलाई समानुपातिक रुपमा सूचना तथा विज्ञानपन उपलब्ध गराउने नीति लिईने छ ।
७. नगरबासीलाई पढ्ने बानीको विकास गर्न नगरपालिकामा एक स्तरीय पुस्ताकालय संचालन गरिने छ र पुस्ताकालयको स्थापना वडा कार्यालयहरुमा पनि विस्तार गर्दै लगिने छ ।

## सूचना प्रविधि :

सूचना प्रविधिको विकासले मूलकको शिक्षा, स्वास्थ्य, कृषि पर्यटन, व्यापार लगायतका आर्थिक तथा सामाजिक क्षेत्रको दिगो र तीव्र विकास गर्ने अवसर प्रदान गर्दछ । सार्वजनिक सेवाहरुको प्रवाहमा प्रभावकारीता हासिल गरी सेवाग्राहीहरुको पहुँचलाई सहज तुल्याई सुशासन कायम गर्न सूचना प्रविधिको उपयोगलाई बढाउन

आवश्यक छ । सूचना प्रविधिको उच्चतम उपयोग मार्फत ज्ञानमा आधारित समाजको विकास गर्न तर्फ हाम्रो सोच केन्द्रीत हुनु पर्ने देखि यस क्षेत्रमा निम्न नीतिहरु तय भएका छन् ।

१. सूचना प्रविधिको माध्यमबाट सुशासनमा टेवा पुऱ्याईने छ ।
२. समुदायसँगको सहकार्यमा ग्रामीण स्तरमा सूचना प्रविधि पूर्वाधार विकास गरिने छ ।
३. सूचना प्रविधि प्रणालीको गुणस्तरमा अभिबृद्धि गरिने छ ।
४. सूचना प्रविधिको प्रयोगबाट सेवा प्रवाहमा सुधार गरिने छ ।
५. सूचनाको हकको प्रयोग नगरबासीमा सूचना प्रविधिको माध्यमबाट उपलब्ध गराईने छ ।
६. इन्टरनेट सेवा बिस्तारको लागि आवश्यक योजना ल्याईने छ ।
७. व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता पाउने लाभग्राहीहरुको अभिलेख व्यवस्थापनको अनलाईन माध्यमबाट गरिने छ ।
८. नगरपालिकाले सम्पादन गर्ने आर्थिक एवम् अन्य गतिविधिलाई अनिवार्यरुपमा नगरपालिकाको Website मा राखिने छ ।

**स्थानीय स्वायत्त शासन :**

नेपालको संविधानले राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय गरी तीन तहको संरचनाबाट हुने व्यवस्था गरी छुट्टा छुट्टै एवम् साझा अधिकारहरु निर्धारण गरेको छ । यस्तो व्यवस्थाबाट सरकारलाई जनताको नजिक पुऱ्याई शक्ति र स्रोत माथि नागरिकको पहुँच स्थापित गर्ने र विकास तथा सेवा प्रवाहमा स्थानीय सहभागिता र स्वामित्व कायम हुने अवस्था सृजना भएको छ । यस सन्दर्भमा यस क्षेत्रका निम्न नीतिहरु निर्माण भएका छन् ।

१. बालमैत्री स्थानीय शासनको नीति अवलम्बन गरिने छ ।
२. दिगो आर्थिक, सामाजिक विकास, वातावरणमैत्री स्थानीय पूर्वाधार तथा प्रभावकारी सेवा प्रवाहमा सीप विकास र आय आर्जनको अवस्थालाई विस्तार गर्दै गरिबी न्यूनिकरणमा टेवा पुऱ्याइने छ ।
३. कानूनी शिक्षा तथा सचेतना कार्यक्रम संचालन गरिने छ ।
४. जलवायु परिवर्तन अनुकूलन तथा विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रमहरुमा जनताको सहभागिता बढाई समन्वयात्मक रुपमा वातावरणीय मैत्री स्थानीय शासन प्रवर्धन गरिने छ ।
५. सेवा प्रवाहमा प्रभावकारिताको लागि क्षमता अभिबृद्धिका कार्यक्रम संचालन गरिने छ ।
६. वडा तथा नगरपालिकाको विभिन्न विषयगत एवं अन्य शाखाहरुको कामलाई सेवाग्राही प्रति उत्तरदायी बनाउने गरी कार्य प्रणालीलाई पारदर्शी बनाईने छ ।
७. तथ्याङ्क प्रणाली तथा अभिलेखलाई सूचना प्रविधिको प्रयोग गरी व्यवस्थित गरिने छ ।
८. नगपालिका भित्र संचालन हुने गैरसरकारी संस्थाका कार्यक्रमहरु नगरपालिकाको समन्वयमा संचालन हुने व्यवस्था मिलाईने छ ।
९. सहभागीता मूलक योजना प्रणालीलाई बस्ती तह देखिनै प्रयोग गरी योजना तर्जुमा प्रणालीलाई भरपर्दो बनाईने छ ।
१०. अनुगमनलाई योजना चक्रको चरणहरुको अभिन्न अङ्गकारुपमा विकास गरी नजितामूलक अनुमान प्रणालीको कार्यान्वयन गरिने छ ।

११. आयोजनाको सामाजिक परीक्षण सार्वजनिक परिक्षण लगायतका सामाजिक उत्तरदायित्वका विधिहरुको माध्यमबाट स्थानीय तहको विकास प्रकृयालाई पारदर्शी तथा उत्तरदायी बनाईने छ ।

१२. स्थानीय योजना तथा विकास प्रकृयामा समुदायको सहभागिता अभिबृद्धि गर्न वडाहरुमा आधारभूत तहको नागरिक मञ्च र टोल विकास संस्था गठन गरी संचालन गरिने छ ।

१३. व्यवस्थित र योजनाबद्ध विकासका लागि समष्टिगत सहरी विकास योजना, भू-उपयोग योजना, यातायात गुरुयोजना, स्थानीय विपद् व्यवस्थापन योजना, व्यवस्थित आवास विकास योजना, सहितको आवधिक योजना तर्जुमा एवम् कार्यान्वयन गरिने छ ।

१४. समाजमा भएका र हुन सक्ने विवादलाई प्रारम्भिक चरणमै समाधानका लागि प्रत्येक वडामा विवाद समाधान समितिको व्यवस्था गरिने छ ।

१५. नगरक्षेत्रमा रहेका सार्वजनिक, पर्तिऐलानी जग्गाहरु र ऐतिहासिक तथा धार्मिक महत्वका स्थलहरुको लगत अद्यावधिक गरी सोको संरक्षण, सम्बर्द्धन र प्रबर्द्धनको व्यवस्था मिलाईने छ ।

१६. हालसम्म विद्युत सेवा पुग्न नसकेका स्थानहरुमा उच्च प्राथमिकताकासाथ केन्द्रीय विद्युत प्रसारण लाईन विस्तार गर्न पहल गरिने छ ।

१७. बिद्युत सेवा नपुगेका नगरक्षेत्रका बिद्यालय तथा क्याम्पसहरुमा अनुदानमा सौर्य उर्जा उपलव्ध गराउने व्यवस्थाका लागि सम्बन्धित निकायमा पहल गरिने छ ।

१८. जलविद्युत उत्पादन गर्नका लागि नगरस्थित सम्भावित स्थानहरुको सर्भेक्षण कार्य अगाडि बढाईने छ ।

१९. हाल नगरपालिका बसेको स्थानमा नगरपालिका भवन बनाउने प्रकृया अगाडि बढाईने छ । साथै भवन नभएका वडाका वडा कार्यालय भवन निर्माण गर्न प्राथमिकता दिइने छ ।

२०. नगरभित्रका महत्वपूर्ण सडकहरुमा सोलार बत्ति जडान गरिने कार्यक्रमलाई निरन्तरता दिईने छ ।

२१. नगरपालिका र नगरका मुख्य बजार क्षेत्रमा सि.सि.टि.भी. जडान गरिने छ ।

२२. बजारको सडकमा जथाभावी निर्माण सामाग्री राख्ने, अव्यवस्थित रुपमा फुटपाथमा सामान बेच्ने तथा जथाभावी फोहोरमैला फ्याक्ने कार्यलाई निरुत्साहित गर्न काननू अनुसार कडा कारबाहीको नीति अवलम्बन गरिने छ । यसको लागि नगर प्रहरीको व्यवस्था गरिने छ ।

२३. नगरमा रहेका बाह्रै वटा वडा र स्थानमा सन्तुलित विकास अवधारणको नीति अवलम्बन गरिने छ ।

२४. वडाको कामको मूल्याङ्कन कार्यसम्पादन सूचङ्कका आधारमा गरी सर्वोत्कृष्ट कार्यसम्पादन गर्ने वडा कार्यालयलाई पच्चीस लाख थप अनुदान दिने नीति आगामि आर्थिक वर्षबाट अवलम्बन गरिने छ ।

२५. स्वदेशका र विदेशका देशका नगरपालिकाहरु सँग मितेरी तथा भगिनी सम्बन्ध कायम गर्दै लगिने छ ।

२६. गरिबलाई उत्साह प्रदान गर्न **"गरिबलाई टिनको छाना"** कार्यक्रम संचालन गर्ने प्रकृया अगाडि बढाईने छ ।

२७. नगरमा उपलब्ध प्राकृतिक स्रोत, साधन तथा मानवीय पूँजी लगानीको अद्यावधिक स्थिति एवं नगरस्तरीय विकास तथा आर्थिक संबृद्धिका लागि नगरको क्षेत्रगत अवस्थाको विश्लेषण गरी आम नगर बासीको चहाना अनुरुप योजना तथा कार्यक्रमहरु तयार गरी अल्पकालीन, मध्यकालीन र दीर्घकालीन रुपमा संचालन एवं कार्यान्वयन गर्न तथा नगरपालिकालाई आवश्यक राय परामर्श, सुझाव तथा प्रतिवेदन तयार गर्नका लागि विज्ञ समूह गठन गरिने छ । सो को लागि आवश्यक कार्यविधि तयार गरिने छ ।

## सुशासन :

संविधानले व्यवस्था गरेअनुरुप जनताले पाउने सेवा सुविधा सरल र निश्पक्षरुपमा उपलब्ध गराउनु सरकारको दायित्व हुन आउँछ । त्यसैले नगर प्रशासनलाई स्वच्छ, निश्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त,

जनउत्तरदायी र सहभागिता मूलक बनाउदै राज्यबाट प्राप्त हुने  सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको व्यवस्था गर्नु आजको खाचो हो । यस सन्दर्भमा यस क्षेत्रका निम्न नीतिहरु तय भएका छन् ।

१. नगर प्रशासनलाई जनताप्रति उत्तरदायी र सेवामूलक तथा स्वच्छ, परिमाणमूखि, जवाफदेही र पारदर्शी बनाई सार्वजनिक सेवा प्रवाह र विकास प्रकृयालाई प्रभावकारी बनाईने छ ।
२. सेवा प्रवाहलाई जनमुखी र सेवा मुलक बनाउन क्षतिपूर्ति सहितको नागरिक बडापत्र क्रमश कार्यान्वयन गरिदै लगिने छ ।
३. जनगुनासोलाई प्रत्यक्षरुपमा अनभूति गर्ने गरी व्यवस्थापन गरिने छ ।
४. सार्वजिनक सरोकारका विषयका सूचनामा नागरिकको पहुँच अभिबृद्धि गरिने छ ।
५. कर्मचारीलाई सक्षम र प्रतिस्पर्धि बनाउन क्षमता अभिबृद्धि गरिने छ ।
६. भ्रष्टाचारजन्य कार्यको शून्य सहनसिलताको नीति मार्फत सुशासन प्रवर्धन गरिने छ ।
७. उपभोक्ता समिति र तिनका क्रियाकलापमा पारदर्शिता कायम गरिने छ ।
८. जनप्रतिनिधि नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयमा कार्यरत कर्मचारीहरुको दक्षता र क्षमता अभिवृद्धिका लागि समय सापेक्षरुपमा तालिम र अवलोकन भ्रमणको व्यस्था मिलाइने छ ।
९. नगरपालिकाको आधिकारिक धारणा र निर्णयका वारेमा नियमितरुपमा आम नगरबासीलाई सूसूचित गराउन डिजिटल सूचना डेक्सको व्यवस्था गरिने छ ।
१०. कार्यसम्पादनको मूल्याङ्कन गरी मनोवल उच्च राख्न प्रत्येक वर्ष १ जना कर्मचारीलाई **उत्कृष्ट कर्मचारी** घोषणा गरी पुरस्कार प्रदान गरिने छ ।
११. नगरपालिकामा अनुशासन र मर्यादा कायम गर्न जनप्रतिनिधि र कर्मचारीको बेग्लाबेग्लै आचार संहिता बनाई लागु गरिने छ ।
१२. नगरपालिकामा कार्यरत स्थानीय तह विकास तर्फका स्थायी कर्मचारीहरुको बृत्ति विकासको विषयमा छुट्टै विनियम बनाई व्यवस्थापन गरिने छ ।
१३. नगरपालिकामा रहेका गैरसरकारी संस्थाहरुको व्यवस्थापन एवं सहकार्य गर्नका लागि नगरपालिकामा NGO Help Desk को व्यवस्था गरी कार्य संचालन गरिने छ ।

## वित्तिय सुशासन :

प्रभावकारी वित्तिय व्यवस्थापन मार्फत सार्वजनिक स्रोतको पक्ष एवम् सर्वोत्तम परिचालन, त्यसको लेखाङ्कन, प्रतिवेदन तथा लेखापरीक्षण मार्फत वित्तिय व्यवस्थापनमा पारदर्शिता र जवाफदेहीता अभिबृद्धि गरी भ्रष्टाचार नियन्त्रण र सदाचार प्रवर्धन गर्दै जनसाधारणलाई वित्तिय सुशासनको प्रत्याभूति दिनु नगपालिकाको दायित्व हुन आउँछ । सार्वजनिक खर्चको पारदर्शिता अभिबृद्धि गर्न सरकारी निकायका कार्यक्रम तथा खर्चलाई सार्वजनिकीकरण गर्ने पद्धतिको विकास गर्नु पनि उत्तिकै जरुरी छ । यस सन्दर्भमा निम्न नीतिहरु तय भएका छन् ।

१. सार्वजनिक आय-व्यय र खरिदलाई प्रभावकारी व्यवस्थित र पादर्शी बनाईने छ ।
२. आन्तरिक नियन्त्रण र लेखा परीक्षणलाई विश्वसनीय एवं प्रभावकारी बनाईने छ ।
३. वार्षिक नीति र कार्यक्रम सँगै वार्षिक खरिद योजना अनिवार्य गरिने छ ।

४. विकास आयोजनाहरुको ठेक्का पट्टा समयमै गर्ने तथा विद्युतिय बोलपत्र (E-Biding) को शुरुवात गरिने छ ।
५. आर्थिक वर्षको अन्तिम ३ महिनामा बार्षिक कार्यक्रम संशोधन गर्ने पद्धतिमा रोक लगाईने छ ।
६. वेरुजुलाई नियन्त्रण गर्न आन्तरिक लेखा परीक्षणलाई सूचना प्रविधिमा आधारित बनाउनुका साथै लेखा उत्तरदायी अधिकारीलाई बढी जिम्मेवारी बनाईने छ ।
७. नगरपालिकाले पूँजीगत योजनामा ४ (चार) प्रतिशत कन्टेन्जेन्सी कायम गर्ने छ । साथै उक्त कन्टेन्जेन्सी बाट प्राप्त रकम नगरपालिकाको निर्णयको आधारमा खर्च गरिने छ । सोको लागि कन्टेन्जेन्सीबाट सञ्चालित कार्यक्रमहरुको छुट्टै लगत राखिने छ ।
८. शून्य पेश्की एवं शून्य वेरुजु नीति अवलम्बन गरिने छ ।
९. आन्तरिक लेखा परीक्षण शाखाबाट पूर्व लेखा परीक्षण गरेपछि भुक्तानी दिने व्यवस्था लागु गरिने छ ।
१०. वित्तिय अनुशासन कायम गर्दा मितव्ययिता र गुणस्तरलाई उच्च प्राथमिकता दिईने छ ।
११. आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी कार्यविधि तयार गरी कार्यान्वय गरिने छ ।
१२. अर्धवार्षिक रुपमा जिन्सी निरीक्षण गरी सो को प्रतिवेदन प्रस्तुत गर्ने व्यवस्था मिलाईने छ ।
१३. नेपाल सरकार (मन्त्रिपरिषद्) बाट २०७५।०१।२६ मा स्वीकृत सार्वजनिक खर्चमा मितव्यता र प्रभावकारीता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन २०७५ पूर्णरुपमा पालन गरिने छ ।

## विपद् व्यवस्थापन :

यो नगरपालिका पनि विपद्को उच्च जोखिममा रहेकोले विपद्का कारण वर्षेनी धनजनको ठूलो क्षति हुने गरेको छ । मुख्यत यस नगरपालिकामा भूकम्प, बाढी, पहिरो हावाहुरी, चट्याङ, आगलागी, खडेरी, महामारी जस्ता जोखिम उच्चरुपमा रहेका छन् । यस सन्दर्भमा स्थानीय जोखिम व्यवस्थापन योजना तर्जुमा गरी सो अनुसार कार्यान्वयन गर्नु आवश्यक छ । विपद् जोखिम न्यूनिकरण गर्न, खोज उद्धार र तत्काल राहत कार्यलाई व्यवस्थित गर्न र विकास संरचना सुरक्षित गर्न विकासका सबै प्रकृयामा विपद् व्यवस्थापनलाई मूलप्रवाहीकरण गर्ने कार्यलाई प्रभावकारी बनाई विषयगत एवं क्षेत्रगतरुपमा लागु गरी दिगो र सुरक्षित विकासको अवस्था सुनिश्चित गर्नु जरुरी देखिएको छ । यस सन्दर्भमा निम्न नीतिहरु तय भएको छन् ।
१. नगरस्तरीय विपद् व्यवस्थापन समिति गठन गरी क्रियाशील गराईने छ ।
२. नगरक्षेत्रभित्र भौतिक पूर्वाधारहरु निर्माण गर्दा वातावरणीय तथा प्राकृतिक स्रोतहरुमा पर्न सक्ने प्रभावलाई पहिचान गर्ने नीति अवलम्वन गरिने छ ।
३. नगरक्षेत्रमा विपद् आपतकालिन केन्द्रको स्थापना गरी विपद् सामाग्री भण्डारण गरिने छ ।
४. विपद व्यवस्थापनमा पूर्व तयारी लगायतका पूर्वाधार विकास गरिने छ ।
५. नगर पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरी लागु गरिने छ ।
६. विपद्को समयमा नगरबासीलाई उच्चतम सहभागी गराउने गरी कार्यक्रम तय गरिने छ ।

## भवन तथा सहरी विकास :

निजी क्षेत्र समेतको सकृयातामा सबैका लागि क्षमता अनुसारको सुरक्षित आवासको व्यवस्था गर्न किफायती, वातावरण मैत्री तथा भूकम्पबाट जोखिममुक्त सार्वजनिक तथा निजी भवनहरु निर्माण तथा विकास गर्नु आवश्यक रहेको छ । सुरक्षित बस्ती विकास लागि जग्गा प्राप्ति गर्न तथा जोखिमा रहेका बस्ती

स्थान्नतरण गर्नु, स्थानीय निर्माण सामाग्रीहरुको गुणस्तरमा सुधार ल्याउनु, राष्ट्रिय भवन संहिताको पालन गरी सबै सिसिमका भवन सुरक्षित तवरले निर्माण गर्नु, सिकर्मी, डकर्मी लगायतलाई तालिम उपलब्ध गराउनु चुनौति रहेका छन् । यस सन्दर्भमा निम्न नीति तय भएका छन् ।

१. नगरको मुख्य बजार लगायत अन्य सम्भावित बजारक्षेत्रहरुमा निर्माण गरिने भवनहरुलाई भवन मापदण्ड अनुरुप निर्माण गर्ने गराउने व्यवस्था गरिने छ ।
२. नगरक्षेत्रमा निर्माण गरिने भवनहरुलाई भवन मापदण्ड अनुरुप निर्माण गरी सोको आधारमा निर्माण गर्ने व्यवस्था गर्नको लागि हाल कार्यान्वयनमा आएको भवन निर्माण सम्बन्धी विनियम, २०७१ (संशोधित तथा परिमार्जित २०७४) थप परिमार्जन गरी जारी गरिने छ ।
३. भवन निर्माण सम्बन्धी विनियम, २०७१ (संशोधित तथा परिमार्जित २०७४) लागु हुनु अघि निर्माण भईसकेका भवनहरुको हकमा भवन सवलीकरण र अभिलेखिकरण कार्य सञ्चालन गरी सुरक्षित भवन निर्माण अभियानको थालनी गरिने छ ।
४. भवन निर्माण कार्यमा संलग्न कालिगढहरुलाई सुरक्षित भवन निर्माण सम्बन्धी तालिमको आयोजना गरिने छ ।
५. नगरमा बनेका बाटाको मापदण्ड कायम गरी कार्यान्वय गर्दै लागिने छ ।
६. नगरमा रहेका बाटोमा परेका जग्गाको लगत कट्टा गर्ने कार्यको थालनी सम्बन्धित कार्यालयको सहकार्यमा गरिने छ ।
७. ओखलढुंगा बजारमा बुधवार र शनिवार लाग्ने हाटबजार र रुम्जाटारमा लाग्ने शुक्रवारे बजारको उचित व्यवस्थापन गरिने छ ।

*अन्त्यमा,*

नगरको विकास र सम्बृद्धिको लागि आगामि वर्ष ०७५।०७६ को वजेट नीति तथा कार्यक्रम तर्जुमा गर्न सहयोग पुऱ्याउनु हुने वडा अध्यक्ष लगायतका जनप्रतिनिधि, विभिन्न संघ संस्थाका प्रमुख तथा प्रतिनिधि, उद्योग बाणिज्य संघ लगायत निजी क्षेत्रका संघ संस्था र यस क्षेत्रका प्रबुद्ध वर्ग, नगरमा रहनु हुने बृद्धिजीवि वर्ग, पत्रकार लगायत सबै सरोकारवाला मानुभावहरुलाई विशेष धन्यवाद् दिन चहान्छु । त्यसै गरी अहोरात्र खटिई यो सभामा पारित गर्नका लागि वजेट, नीति तथा कार्यक्रम एवं कानून तयार गर्ने कर्मचारी साथीहरुलाई पनि धेरै धन्यवाद् दिन चहान्छु । वजेट, नीति र कार्यक्रम तर्जुमा मात्र सबै कुरा होईन यसको पूर्णताको लागि असल कार्यान्वयन जरुरी हुन्छ । आगामी वर्षको वजेट, नीति र कार्यक्रमको कार्यान्वयको लागि नगरबासी सबैको सार्थक सहभागिताको अपेक्षा गर्दछु ।

**धन्यवाद् ।**

मोहन कुमार श्रेष्ठ
नगर प्रमुख
सिद्धिचरण नगरपालिका, ओखलढुङ्गा

मिति : १० आषाढ, २०७५